नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,
गौचर काठमाडौंको
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थान तर्फको Waiting Hall को २२.१३९ वर्ग मीटर क्षेत्रफलमा (साविकमा Green Line International प्रा.लि. द्वारा सञ्चालित Duty Paid Shop रहेको स्थानमा) करयुक्त (Duty Paid Shop) पसल सञ्चालन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न यस कार्यालयबाट मिति २०७७।६।६ मा बोलपत्र आव्हान गरी सार्वजनिक सूचना प्रकाशीत गरिएकोमा तोकिएको म्यादभित्र ५ वटा बोलपत्रहरु दर्ता हुन आएका र उक्त बोलपत्रहरुको मूल्याङ्कन गर्दा ओम नवदुर्गा इन्टरप्राइजेज, पुल्चोक, ललितपुरले रु. ३,९६,३६,०००।- वहाल भुक्तानी गर्न मञ्जुर गरेको र उक्त रकम अन्य बोलपत्र दाताहरुले मञ्जुर गरेकोभन्दा बढी देखिन आएकोले उक्त इन्टरप्राइजेजले पेश गरेको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा ने.ना.उ.प्रा. विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम ४३ को उपनियम (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,
गौचर काठमाडौंको
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थान तर्फको Check In Area को उत्तर तर्फको विद्युतीय भऱ्याङ्गमुनिको ५ वर्गमीटर क्षेत्रफलमा हवाई यात्रुहरुको एयरलाइन्सहरुले निर्धारण गरेकोभन्दा बढी तौल भएका सामानहरु (Luggage) कुरियर गरी सम्बन्धित व्यक्ति वा व्यक्तिको ठेगानामा पुऱ्याइदिने कार्यको लागि Currier Counter सञ्चालन कार्यको ठेक्का बन्दोवस्त गर्न यस कार्यालयबाट मिति २०७७६।१२ मा बोलपत्र आव्हान गरी सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तोकिएको म्यादभित्र ३ वटा बोलपत्रहरु दर्ता हुन आएका र उक्त बोलपत्रहरुको मूयाङ्कन गर्दा श्री साप्सु एभिएशन प्रा.लि.सिनामङ्गलले रु. ३,७८,०००।- रकम भुक्तानी गर्न मञ्जुर गरेको र उक्त रकम अन्य बोलपत्र दाताहरुकोभन्दा बढी देखिन आएकोले उक्त प्रा.लि.ले पेश गरेको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा ने.ना.उ.प्रा. विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम ४३ को उपनियम (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।